जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४० अंक ४७ २०७९ साल असार १९ गते आइतवार (3 July 2022 Sunday) मूल्य रु. ७/-

**सर्पको टोकाईबाट बचौं र बचाऔं !**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : स्वास्थ्य क्षेत्रमा लगानी, स्थानीय ... पृष्ठ ३ मा : बन्न सक्छन् त स्वतन्त्र ... पृष्ठ ४ मा : मधेश सरकारले चार सय ... पृष्ठ ५ मा : पाँचलाख अफगान नागरिक ...

## महिला तथा बाल हिंसामा बृद्धि

# ४ वटा मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटना




**राजविराज**/सप्तरीमा ६ महिनाको अवधिमा महिला तथा बाल हिंसा बृद्धि हुनुका साथै ४४ वटा मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटना बढेको छ।

इन्सेक सप्तरी शाखाले सन् २०२२ को जनवरीदेखि जुनसम्मको अवधिमा अभिलेख गरिएको घटना सार्वजनिक गर्दै सो जानकारी दिएको हो।

इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेलले सार्वजनिक गरेका प्रतिवेदनमा गैरराज्यबाट तीन हत्याका घटनामध्ये २७ र ३५ वर्षका दुई दलित र २५ वर्षका एक मुस्लिम समुदायका युवकको हत्या भएको उल्लेख छ।

प्रतिवेदनअनुसार बालिका बलात्कारको १० घटनामा १८ वर्षभित्रका १० पीडित छन्। आरोपित १५ वर्षदेखि ६८ वर्षका १५ मध्ये पाँच पुर्पक्षका लागि थुनामा र पाँच जना बालसुधार गृहमा छन्। बाँकी तीन आरोपितविरुद्ध पक्राउ पुर्जी जारी भएको छ भने दुई जना हालै पक्राउ परेका छन्।

यसैगरी महिला बलात्कारका तीन घटनामा २५ माथि ४० वर्षीयासम्मका तीन महिला पीडित भएका छन्। बलात्कारको घटनामा १८ देखि ३० वर्षीय पाँच आरोपीमध्ये तीन फरार छन्, एक हालै पक्राउ परेका छन् भने एक जनाले सफाइ पाएका छन्। महिला बलात्कार प्रयासका एक घटनामा २८ वर्षीया महिला पीडित भएकी छिन्। उक्त घटनामा आरोपित दुईमध्ये एक धरौटीमा रिहा भएका छन् भने अर्का एक फरार छन्।

अमानवीय व्यवहारको एक घटनामा २७ वर्षीया एक महिला पीडित भएको प्रतिवेदनमा उल्लेख छ। परिवारकै सदस्यबाट भएको सो हिंसामा चार जना पुर्पक्षका लागि धरौटीमा रिहा भए भने दुई फरार छन्।

यस्तै ६ महिनाको अवधिमा बहुविवाहको पाँच, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत चार, घरेलु हिंसाका तीन तथा गर्भपतन, मानव बेचबिखन, अपहरण उद्योग, अभद्र व्यवहार, धम्की र झडपका एक-एक घटना अभिलेख गरिएको छ।

कार्यक्रममा अदालतका सूचना अधिकृत भरतमणि पोखरेल, गैसस महासंघका अध्यक्ष बलदेव मण्डल, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दास, प्रदेश कानुनी अधिकृत किरण साह, नेपाल पत्रकार महासंघका अध्यक्ष श्रवण देव, जिल्ला बार एकाईका निवर्तमान अध्यक्ष डोमन साह, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष राजकुमार गुप्ता, महिला मानव अधिकार रक्षक सञ्जालकी मनु खनाल, प्याब्सनका सचिव संजय शर्मालगायतकाले जनप्रतिनिधी, प्रहरी र अगुवाहरू जिम्मेवार बन्नुपर्नेमा जोड दिए।

जिल्ला बार इकाई सप्तरीका अध्यक्ष रामप्रसाद चौधरीको अध्यक्षता सञ्चालित कार्यक्रममा सप्तरीका सिडिओ जनार्दन गौतम, नेपाली सेनाका मेजर प्रभातकिरण श्रेष्ठ, प्रहरी उपरिक्षक माधवप्रसाद काफ्ले, सशस्त्र प्रहरी उपरिक्षक श्याममणि ढकाल, राजविराज उच्च बार एशोएिसनका अध्यक्ष भरत यादव, जिल्ला बार एकाईका पूर्व अध्यक्ष कृपानारायण यादव, जिल्ला कानुनी सहायता अधिकृत रामप्रसाद गौतम, क्रेस नेपालका अध्यक्ष उपेन्द्र साह, कारागार कार्यालय र सहयोगी समाजका प्रतिनिधीसहित पत्रकार, अधिकारकर्मी, कानुन व्यवसायीको सहभागिता रहेको थियो।

# मधेसमा ११ महिनाको अवधीमा ५ सय १ जनाको मृत्यु

**जनकपुर**/मधेस प्रदेशको ८ वटै जिल्लामा चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा विभिन्न घटनामा परेर ५ सय १ जनाको मृत्यु भएको छ।

मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार २०७८ साउनदेखि २०७९ जेठसम्ममा प्रदेशका विभिन्न जिल्लामा भएका एक हजार ७ सय १ विपद्का घटनामा १ सय ८२ पुरुष, १ सय ८ महिला र १ सय ४३ बालबालिकाको ज्यान गएको हो।

सो अवधिमा भएका विपद्का घटनामा परेर २ सय १० महिला, १ सय ३७ पुरुष र ६१ बालबालिका घाइते भएका थिए भने एक पुरुष, दुई महिला र पाँच बालबालिका बेपत्ता भएको मधेस प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

सो अवधिमा मधेसका जिल्लामा भएका ६ हजार २ सय २३ सवारीसाधन दुर्घटनामा ४ सय ३५ पुरुष, ८४ महिला र ३० बालबालिकाको मृत्यु भएको छ भने सात हजार ९ सय ४५ जना घाइते भएका छन्।

यस्तै विभिन्न जिल्लाबाट अवैध हतियारसहित ५७ भारतीय

*बाँकी अन्तिम पृष्ठमा*

**सवारी दुर्घटनाबाट बचौं र बचाऔं।**

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- समय-समयमा सवारीसाधनको मर्मत संभार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बालिकाको शवसहित तीन पक्राउ

**पर्सा**/पर्सामा बालिकाको शवसहित तीनजनालाई प्रहरीले पक्राउ गरेको छ। बहुदरमाई नगरपालिका ७ ढोङ्गी खोलाको मसानघाटमा एक बालिकाको शव जलाउँदै गरेको अवस्थामा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो।

पक्राउ पर्नेमा स्थानीय १८ वर्षीया किशोरी, ४० वर्षिया आशा देवी र ५० वर्षीया उर्मिला देवी रहेका छन्। बुधबार बहुदरमाई-७ की १४ वर्षीया बालिकाको विष सेवनका कारण मृत्यु भएको थियो। उक्त घटनाबारे प्रहरीलाई जानकारी नदिई गोप्यरुपमा अन्त्यष्टि गर्न लागेको अवस्थामा प्रहरीले तीनैजनालाई मसानघाटबाट शवसहित पक्राउ गरेको हो।

मोटरसाइकलमा लगेर शव जलाउन लागेका तीनैजना विरुद्ध कर्तव्य ज्यान सम्बन्धी कसूरमा

*बाँकी अन्तिम पृष्ठमा*

जन ज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# पोखरी वरिपरी घेरबार जरुरी

बालबालिकाहरु पोखरीमा डुबेर मृत्यु हुनेको संख्या अहिले बढ्दो छ । प्राय गउँघरमा रहेको पोखरीहरु बालबालिकाहरु खेल्ने क्रममा डुबेर मृत्यु हुने गरेको समाचार आउने गरेको छ । व्यापारीक तथा व्यक्तिगत परियोजनका लागि खनिएको ती पोखरीमा बालबालिकाहरु खेल्दै जाँदा डुबेर मृत्यु हुने गरेको पाइन्छ ।

पोखरीलाई व्यापारीक तथा व्यक्तिगत प्रयोजनका लागि खनिएपनि त्यसको रेखदेख र विभिन्न घटना दुर्घटनाबाट बच्नका लागि पोखरी मालिकले कुनै उपाय अपनाउने काम नगरेकोले त्यस्ता दुर्घटनाहरु हुने गरेका छन् । प्रायजसो माछा पाल्ने दृष्टिकोणले पोखरी खनिने गरिन्छ । यदि माछा पालनका लागि पोखरी खनिन्छ भने त्यसलाई घेरबार गरेर सुरक्षित गर्नु पनि उत्तिकै आवश्यक छ । यसले गर्दा पोखरीमा माछा पनि अन्य जन्तुहरुबाट सुरक्षित हुनुका साथै मानवबाट हुने क्षति पनि हुँदैन् भने बालबालिकाहरु पनि खेल्दा खेल्दै पोखरीसम्म जान सक्दैनन् ।

तसर्थ पोखरी मालिकले पोखरी घेरबार गरेर आफ्नो सम्पत्ति सुरक्षित गर्नुका साथै बालबालिकाहरु डुब्ने खतरा कम हुने कुरामा ध्यान जानु जरुरी छ ।

# स्वास्थ्य क्षेत्रमा लगानी, स्थानीय सरकारको लोकप्रियताको बलियो आधार



सुरेन्द्र अवस्थी

स्थानीय तहमा जनताहरुले ठूलो भरोसाका साथ आफ्नो मत र स्थानीय सरोकारका समस्याहरुको ठूलो भारी बोकाएर आगामी पाँच वर्षका लागि आफ्नो भाग्य र भविष्यको फैसला गर्ने अधिकारसहित नयाँ जनप्रतिनिधिहरुलाई नेतृत्वदायी भूमिकामा पठाएका छन । हरेक उम्मेदवार वा पार्टीको चुनावी प्रचार प्रसार होस् या चुनावी घोषणापत्र त्यसमा सबै भन्दा बढी लेखिने र बोलिने शब्द हो 'स्वास्थ्य' तर निर्वाचित भैसकेका अधिकांश स्थानीय तहका जनप्रतिनिधिहरुसँग आगामी पाँच वर्षभित्र स्वास्थ्य क्षेत्रमा के गर्ने कसरी गर्ने भन्ने स्पष्ट भिजन र कार्ययोजना देखिँदैन ।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको पहुँच र आधारभूत स्वास्थ्य सेवाको निशुल्क प्राप्तिको सुनिस्चिततालाई मौलिक हक (धारा ३५) को रुपमा स्थापित गरेको छ । साथै संविधानको अनुसूची ८ (स्थानीय तहको अधिकार सूची) मा आधारभूत स्वास्थ्य र सरसफाइको पूर्ण अधिकार स्थानीय तहलाई दीएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ (११झ) मा आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी स्थानीय तहको काम कर्तव्य र अधिकार स्पष्ट उल्लेख छ ।

तर अझै पनि कतिपय स्थानीय जनप्रतिनिधिहरुलाई आधारभूत स्वास्थ्य सेवा संघ र प्रदेशकै दायित्वको विषय हो कि भन्ने भ्रम रहेको पाइन्छ । स्थानीय जनप्रतिनिधिहरुले संविधान र कानूनले स्वास्थ्य सम्बन्धी दिएको न्युनतम अधिकार मात्रै प्रयोग गरेर आफ्नो कर्तव्य पालना गर्ने हो भने पनि न्युन लगानीमा अधिकतम प्रतिफल हासिल गर्ने सकिने धेरै आधारहरु छन् । कतिपय समुदाय स्तरका स्वास्थ्यका कार्यक्रमहरुलाई पैसाको भन्दा पनी सक्षम नेतृत्व, स्पष्ट नीति, वैज्ञानिक कार्ययोजना, उचित नियमन, उत्प्रेरणा र पुनर्ताजकीको खाँचो छ । जो शुन्य आर्थिक लगानीमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सहयोगी हुनेछन् र कतिपय कार्यक्रमहरु न्यून लगानीमा महत्वपूर्ण उपलब्धि हासिल गर्ने खालका कार्यक्रमहरु छन् ।

विकासका अरु क्षेत्र भन्दा स्वास्थ्य क्षेत्र संवेदनशील र प्रत्यक्ष जनताको जीवनसँग जोडिएको विषय भएको हुँदा यस सम्बन्धमा आम जनसमुदायको बढी अपेक्षा, चासो र गुनासो हुनु स्वाभाविक हो । तसर्थ जनभावना र अपेक्षालाई समेटेर यो पाँच वर्षको अन्तरालमा स्वास्थ्य क्षेत्रमा कम्तिमा पनि तल उल्लेखित कामहरु गर्न सके महत्वपूर्ण सुचकहरु हाँसिल हुनुका साथै हरेक जनप्रतिनिधिको आफ्नो कार्यकालको उत्कृष्ट कार्यसम्पादनको दस्तावेज तयार हुनेछ । साथै जनताको मन मस्तिष्कमा बस्न सफल भईनेछ ।

**१. स्थानीय तहको पाँच वर्षे स्वास्थ्य क्षेत्र रणनीतिक योजना**

कुनै पनि उदेश्य हासिल गर्नका लागि योजना एक महत्वपूर्ण हतियार हो । झन् स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रको लागि त योजनाको अति नै महत्व हुन्छ । योजना निर्माणका लागि सबभन्दा पहिले वर्तमान अवस्थाको वैज्ञानिक मुल्यांकन गर्न जरुरी छ । यसले हाम्रो हालको अवस्था वा धरातलको प्रष्ट तस्बिर दिन्छ । स्वास्थ्यका समग्र सूचकहरुलाई समेटिने गरी तथ्यांक संकलन र प्रशोधन गरेर एक रिपोर्ट तयार गरी सोको आधारमा लगानीको अनुमानसहित आगामी पाँच वर्षमा संचालन गर्नुपर्ने कार्यक्रम, सम्पादन गर्नुपर्ने काम, जिम्मेवारी र कर्तव्यसहित वार्षिकरुपमा हासिल गर्नुपर्ने उपलब्धि (सूचक) समावेश गरेर रणनीतिक योजना तयार गरी प्रभावकारी कार्यान्वन गर्ने/गराउने ।

नियमित अनुगमन र वार्षिक प्रगति समिक्षालाई थप प्रभावकारी बनाउँने। यसले गर्दा तथ्यमा आधारित स्वास्थ्य सेवा प्रदान गर्न थप सहज हुनेछ । (यो रणनीतिक योजना निर्माणको लागि सम्भव भएसम्म कम्तिमा पनि जनस्वास्थ्यमा स्नातक गरेको व्यक्तिको नेतृत्वमा गराउने)

**२. स्वास्थ्यकर्मी व्यवस्थापन**

समुचित मानव संसाधनको प्रयोग बिना प्रभावकरीरुपमा कार्यसम्पादन गराउन सकिदैन । त्यसैले अनावाश्य कर्मचारी भर्ना भन्दा स्वास्थ्य सेवाले मागेको र आवश्यकताका आधारमा दक्ष जनशक्तिको दीर्घकालीन र आवधिक व्यवस्थापन गर्ने ।

**३. स्थानीय आधारभूत स्वास्थ्य र सरसफाइ नीति**

नेपालको संवधान, संघीय कानून, राष्ट्रिय स्वास्थ्य नीति र स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै आफ्नो मौलिक आधारभूत स्वास्थ्य र सरसफाई नीति तयार गर्ने र कार्यान्वन गर्ने ।

**४. स्वास्थ्य सरोकारका कानून निर्माण र कार्यान्वन**

संविधान र प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सम्बन्धी आवश्यक पर्ने ऐन नियमहरु निर्माण गरी प्रभावकारी कार्यान्वयन गराउने । जसले गर्दा स्थानीय स्वास्थ्य सेवा र सरसफाईको नियमित अनुगमन मुल्यांकन, कार्यक्रमहरुको प्रभावकारी कार्यान्वन र गुणस्तर कायम गर्न टेवा पुग्नेछ । जस्तैः

- स्थानीय फोहिरमैला व्यवस्थापन ऐन
- खानेपानी तथा खाध्यपदार्थको गुणस्तर नियमन ऐन
- स्वास्थ्य संस्था संचानल, व्यवस्थापन तथा नियमन ऐन इत्यादी

**५. नसर्ने रोग रोकथाम तथा नियन्त्रण**

नेपालमा नसर्ने रोगको प्रकोप बढ्दै गइरहेको अवस्था छ । विश्व स्वास्थ्य संगठनका अनुसर नसर्ने रोगले हाल कुल मृत्युको ७१ प्रतिशत हिस्सा ओगटेको छ । समयमै कदम नचालिने हो भने नसर्ने रोगले थप बिकराल रुप लिने निश्चित छ । त्यसैले हरेक तहका सरकारबाट समयमै प्रभावकारी कदमको आवश्यकता छ ।

**यस सम्बन्धमा स्थानीय तहहरुले निम्न काम गर्न सक्नेछनः**

- विद्यार्थीहरुमा स्वस्थकर जिवनशैलिको विकास गर्न विद्यालय स्तरको पाठ्यक्रममा स्वस्थकर जीवनशैलि र योग शिक्षा समावेश गर्ने
- हरेक स्वास्थ्य संस्थामा नसर्ने रोग सम्बन्धी परामर्श कक्ष स्थापना गर्ने र स्वास्थ्यकर्मीहरुलाई उचित तालिम दिई कम्तिमा दुईजना स्वास्थ्यकर्मीलाई परामर्शकर्ताको जिम्मेवारी दिने
- समयमै रोगको निदान गर्नको लागि समुदाय स्तरमै कम्तिमा पनि ६/६ महिनाको फरकमा उच्च रक्तचाप, मधुमेह, किड्नी फङ्सन टेस्ट(युरिन एल्बुमिन), पाठेघरको क्यान्सर र स्तन क्यान्सर सम्बन्धी स्क्रिनिंङ क्याम्प संचालन गर्ने
- स्वस्थ जीवनशैली प्रबर्द्धन गर्न योग केन्द्र, व्यायाम केन्द्र, ध्यान केन्द्र आदि निर्माण गरेर संचालनमा ल्याउने

**६. स्वास्थ्य बीमा**

हरेक नागरिकको आर्थिक भाररहित आधारभूत स्वास्थ्य सेवा उपभोग गर्न पाउनुपर्ने हकलाई सुरक्षित गर्नका लागी सम्पूर्ण नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउने र पहिलो सेवा बिन्दु स्थानीयस्तरकै स्वास्थ्य संस्था बनाउन पहल गर्ने ।

**७. आकस्मिक स्वास्थ्य सेवा**

मौजुदा जनशक्ति वा जनशक्ति थप गरेर स्वास्थ्य चौकीहरुबाट समेत आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नसके आकस्मिक स्वास्थ्य सेवाबाट कुनैपनि नागरिकले बन्चित हुनुपर्ने थिएन ।

**८. एकीकृत स्वास्थ्य शिविर**

सेवाको पहुँचबाट टाढा रहेका समुदायमा कम्तिमा पनि वर्षको दुइपटक विशेषज्ञ चिकित्शकसहितको एकीकृत स्वास्थ्य शिविर संचालन गर्नसके समयमै रोगको निदान, उपचार, प्रेषणभै रोगका कारणबाट हुने सामाजिक, आर्थिक र मानवीय क्षतिलाई समयमै न्यूनीकरण गर्न सकिन्छ ।

**९. समुदाय स्तरका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वन**

- खोप सेवा, गाउँघर क्लिनिक सेवालाई थप प्रभावकारी बनाउने, आवश्यकताको आधारमा खोप क्लिनिक/गाउँघर क्लिनिक निर्माण गर्ने ।
- आमा समूहको बैठकमा स्वास्थ्यकर्मीको अनिवार्य उपस्थितिको सुनिश्चितता गर्ने र स्वास्थ्य प्रवर्द्धका कार्यक्रमहरु संचालन गर्ने ।
- क्षयरोग लगाएत अन्य सरुवा रोगहरुको नियमित खोजपड्ताल गर्ने प्रभावकारी व्यवस्था मिलाउने ।

**१०. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गर्ने**

**११. विद्यालय स्वास्थ्य कार्यक्रम**

माध्यमिक विद्यालय हुँदै हरेक विद्यालयमा स्वास्थ्य प्रवर्द्धनका लागि एक/एक जना स्वास्थ्यकर्मीको व्यवस्था गर्ने

**१२. राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने**

**१३. स्थानीय स्वास्थ्य, सरोकार र समस्याका विषयहरुलाई समेटेर स्थानीय भाषामा स्वास्थ्य सूचना सामग्री उत्पादन, वितरण र प्रसारण गर्ने**

**१४. आकस्मिक सेवाका लागि आकस्मिक उपचार सहायता कोष र निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गर्ने**

**१५. स्वास्थ्य क्षेत्र लोकप्रिय कार्यक्रम घोषणा र कार्यान्वयन**

स्थानीय स्तरको स्वास्थ्य सेवा र समस्यालाई मध्यनजर गरेर मेयर/अध्यक्ष स्वास्थ्य कार्यक्रम, उपमेयर/उपाध्यक्ष स्वास्थ्य कार्यक्रम, वडाध्यक्ष स्वास्थ्य कार्यक्रम घोषणा र कार्यान्वयन गर्ने । जस्तैः मेयर जेष्ठ नागरिक कार्यक्रम, उपमेयर महिला स्वास्थ्य कार्यक्रम आदि । यसले गर्दा स्वास्थ्य सेवामा सहयोग पुग्छ नै । साथसाथै जनताहरुको जनप्रतिनिधिहरुप्रतिको विश्वास र लोकप्रियता थप उचाईमा पुग्नेछ । (जनस्वास्थ्यकर्मी अवस्थी पुर्चौडी नगरपालिका, बैतडीमा कार्यरत छन् ।) स्वास्थ्य खबरबाट


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बन्न सक्छन् त स्वतन्त्र व्यक्ति राजनैतिक पार्टीको विकल्प ?



राजेन्द्र किराती

गत स्थानीय तह निर्वाचनमा केही पालिकामा अनपेक्षित रुपमा स्वतन्त्र उम्मेदवारले वाजी मारे । यसले राष्ट्रिय राजनीतिक वृत्तमा तरङ्ग सिर्जना गरेको छ । राजनीतिप्रतिको दृष्टिकोण वा हेराइमाथि प्रश्न उब्जिएको छ । सकारात्मक तथा नकारात्मक टीका-टिप्पणीले अर्थराजनीतिक सरगर्मी वढाएको छ । यसले स्थापित सिंगो सामाजिक भाष्य वा मनोविज्ञानलाई चुनौती दिइरहेको छ । राजनीतिप्रति एकाएक स्वार्थगत आकर्षण बढाएको छ । सबैमा मनोगत एवं भावनात्मक महत्वाकाङ्क्षा जगाएको छ । यसलाई सुखद नै भन्नु पर्ला ।

यही पृष्ठभूमिमा पछिल्लो समय स्वतन्त्र पदावली असाध्यै चर्चामा रहेको छ । यद्यपि वस्तुतः वर्ग समाजमा निरपेक्ष स्वतन्त्र भन्ने विचार, वस्तु वा सत्ता हुँदैन । स्वतन्त्रप्रति एक किसिमको बनीबनाउ मोह बढिरहेको छ । यहाँसम्म कि सबै सामाजिक रोगको सर्वरोगहारा औषधी नै स्वतन्त्र हो, वेथितिको थिति अनि विसंगतिको संगति नै स्वतन्त्र हो । यस्तै भावोत्तेजित मोहमा स्वतन्त्र बन्ने र बनाउने क्रम मात्र बढेको छैन, स्वतन्त्र दल नै स्थापना गरेर च्याँखे दाउ मार्फत् राजनीतिक अभिष्ट पुरा गर्ने सिलसिला पनि सुरु भएको छ । यो छिटोमीठो खाइहाल्ने फास्टफुडको शैलीमा आएको देखिन्छ, जुन क्रम अफै बढ्ने संभावना छ । रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टी यसैको पछिल्लो कडी हो ।

वास्तवमा कुनै पनि राजनैतिक पार्टी जतिबेला मन लाग्यो, त्यति नै बेला खोल्न मिल्ने खुद्रा पसल जस्तो होइन । भन्ने वित्तिकै कसैको उपभोगवादी भावना, इच्छा र आकाङ्क्षा पुरा गर्ने साधन मात्र होइन पार्टी । यो स्वार्थ र अवसरको भरीमा ओडिहाल्ने छाता जस्तो पनि होइन । भलवाढी छोपेर निपाने विरौटा खेत रोपेजस्तो हतारमा दल निर्माण हुँदैन । यो आन्दोलनको लामो प्रक्रियाबाट मात्र संभव हुन्छ । तव मात्र यसले समाजमा खास विचार संप्रेषण गर्दै आफ्नो औचित्य प्रमाणित गर्न सक्दछ । अर्थात् पार्टी भनेको ऐतिहासिक आवश्यक्ताको रुपमा इतिहासको खास मोडहरुमा मात्र वन्ने गर्दछ । यसले आधारभूत राजनैतिक दृष्टिकोण अवलम्वन गर्दछ । सोही अनुरुपको खास उद्देश्य, कार्यदिशा, कार्यक्रम र गन्तव्य तय गरिएको हुन्छ । अन्तिम गन्तव्यमा पुग्न आन्दोलन वा संघर्षको खाका तय गरिएको हुन्छ ।

कसैको रहर, लहड, सनक, आग्रह-पूर्वाग्रह, महत्वाकाङ्क्षा र अवसरवादी माहौल छोपाइमा मात्र निर्माण गरिएको दल टिकाउ हुन सक्दैन । यस्तो भावनात्मक लहड र सनकमै खोलिएको पार्टीले समस्या समाधन गर्छ भन्नु अब सूर्य पश्चिमबाट उदाउँछ भन्नु वरावर हो । डा वावुराम भट्टराइले नयाँ शक्ति र रवीन्द्र मिश्रले विवेकशील साभा पार्टी खोल्दा पनि मैले यस्तै विश्लेषण गरेर एउटा आलेख लेखेको थिएँ । खास गरी कुनै पनि पार्टी जति सजिलै खोलिन्छ, त्यति नै सजिलो गरी थाहै नपाई पतन पनि हुन्छ । जति वढी निहीत स्वार्थ र अवसर केन्द्रीत हुन्छ, त्यति नै वढी दायरा साँघुरो बन्छ । यो पार्टी निर्माण र विघटनको द्वन्द्वात्मक सम्वन्ध हो ।

यता पुरानो राजनैतिक पार्टीहरुले पनि सिद्धान्त र विचारलाई केन्द्रमा राखेर राजनीति गरेको देखिदैन । उनीहरु पनि औसत कर्मकाण्डी, औपचारिक र ढोंगी बन्दै गइरहेका छन् । कर्मशीलभन्दा कुरौटे सावित हुँदै गएका छन् । एजेण्डा, इमान्दारीता र नैतिकता भुल्दै गएका छन् । त्यसैले, थिति र संगतिभन्दा पनि वेथिति र विसंगति बढिरहेको छ । इमान-जमान, विवेक र सदाचार भन्दा पनि भ्रष्ट, अपराधिक र जालीभेली मनोवृत्ति मौलाइरहेको छ । श्रममा भन्दा शानमा, व्यवहारमा भन्दा आदर्शमा, धरातलीय यथार्थतामा भन्दा आडम्वरमा, सारमा भन्दा रुपमा अनि तथ्यमा भन्दा हल्ला-खल्ला वा प्रचारमा रमाउने उपभोगवादी गलत सँस्कृति भाँगिदै छ । यस्तो अर्थराजनैतिक साँस्कृतिक चरित्रले हामीलाई सही गन्तव्यमा पुर्याउँदैन । यसले केवल यस्तै वेमौसमी सांगीतिक धुनहरु बजाउला, कसैलाई अन्जानमै नचाउला अनि प्रवेश पास पनि दिलाउला । तर तपाईं हामीले खोजेको वा चाहेको सूर, ताल र लय भने मिलाउन सक्दैन । तपाईं हामी सबैले यो कटु वास्तविकतालाई वुझ्नु अनिवार्य छ ।

मूलतः राजनीति भनेको निश्चित सिद्धान्त र विचारद्वारा निर्देशित सामाजिक जीवनलाई चलायमान गराउने संवाहक शक्ति हो । सिंगो समाजलाई नेतृत्व गर्ने मेरुदण्ड हो । यसकारण राजनैतिक पार्टी सही दृष्टिकोणद्वारा निर्देशित हुनैपर्दछ । वस्तुतः समाज विकास वा परिवर्तनजस्तो निरन्तर आन्दोलनको चालक शक्ति भनेको सिद्धान्त नै हो । त्यसलाई परिचालन र संगठित गर्ने अहम् साधन पार्टी हो । अर्थात् व्यक्तिको विकल्प पार्टी हुन सक्छ तर पार्टीको विकल्प दन्त्य कथाको राजकुमार हुन सक्दैन । कहीं कतै भइहाले पनि त्यो क्षणिक हुनुको साथै उपलब्धि वा परिणाममुखी हुँदैन । त्यसैले पार्टी बिग्रिदैछ वा भत्किदैछ भने पनि रुपान्तरण गरेर समाधन खोज्नु सही निर्णय हुन्छ । वरु बाटो विराउँदै गएको पार्टीमाथि जनखवरदारी र जननिगरानी वढाउनु हाम्रो दायित्व हो, तव मात्रै यसले सही दिशा सहितको नेतृत्व प्रदान गर्न सक्दछ ।

सारतः स्वतन्त्र व्यक्ति वा पार्टी भनेको पार्टी प्रतिको असन्तुष्टी, आग्रह, पूर्वाग्रह र वितृष्णाको भारी विसाउने उकाली बाटोको चौतारी हो । अव त यो अवसरवादी महत्वाकाङ्क्षा अभिव्यक्त गर्ने डवली वन्ने खतरा देखिन्छ । यद्यपि न त यो अन्तिम गन्तव्य हो, न त यो समाधन नै हो । मनको वह, भावना, पीडा, चाहना, आग्रह, पूर्वाग्रह, उपभोगवादी वासना र प्यास मेटाउने अस्थायी मूल मात्र हो । सहज र मैदान बाटो भएर चुचुरा चढेको रोमाञ्चकारी सपना त देख्न सकिएला तर विपना वा यथार्थ त्यस्तो हुँदैन । धरातल विना हावामा महल खडा गर्ने कथा सुन्दा सवैको नजर माथि माथि आकाशमा पुग्दछ, जुन वेला दुइ कदम अघिको खाल्डोमा हाम्रो पाइला फस्दैछ भन्ने न्युनतम् ज्ञान हुँदैन । किनकि हावाको महल कल्पना हो भने अगाडिको खाल्डो यथार्थ हो । अर्थात् कठिन र भन्भटिलो भएपनि यथार्थलाई आत्मसात गर्नैपर्दछ । शिखरमा पुग्नु छ भने सहज र अप्ठ्यारो अनि उकालो र तेर्सो सवै हिँडनु पर्दछ । अभ राजनैतिक आन्दोलनमा तसहजता र जटिलता दुवै भेल्नै पर्दछ । यो सार्वभौम नियम हो ।

त्यसैले हामी मनोगतवादी भन्दा वस्तुवादी हुनु पर्दछ । भावना भन्दा विचारद्वारा निर्देशित हुनु पर्दछ । सिद्धान्त र विचार सहितको भावना अंगिकार गर्नु पर्दछ । राजनीति र राजनीति भित्रको एजेण्डा आत्मसात गर्नु पर्दछ । निरपेक्ष भावना र चाहनाको कुरा गरेर गन्तव्यमा पुगिदैन । यद्यपि स्वादिलो, सहजता र सन्तुष्टि भने भावनात्मक र प्राविधिक कुरामा हुने गर्दछ । तर यस्तो मनचिन्ते कुराले समस्याको चुरो पत्तो लगाउन सक्दैन । चुरो पत्तो लगाउन नसक्नु भनेको निकास वा समाधन पहिल्याउन नसक्नु हो । अर्थात् मैदान बाटोबाट मात्र सगरमाथा पुग्ने स्वैर कल्पना त गर्न सकिन्छ तर

*बाँकी चार पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरि चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सखडा, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरि चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

*बन्न सक्छन् त स्वतन्त्र...*

यथार्थमा पुग्न सकिदैन । यस्तो काल्पनिक भावनाले क्षणिक मजा, सन्तुष्टि र रोमाञ्चकता त पैदा गर्ला । उत्तरआधुनिक सँस्कृति हावी भइरहेको समाजमा ठूलै हिस्सा जनतालाई भ्रमित पार्न पनि सकिएला । चुनाव पनि जितिएला, पात्र परिवर्तन पनि होला । युवा पनि आउलान् । पद-प्रतिष्ठाको अवसर पनि पाइएला । तर राज्यव्यवस्थाको चरित्र वदल्न सकिदैन । राज्यसत्ताको चरित्र, कार्यशैली र सोच चिन्तन नवदलिएसम्म समाजमा गुणात्मक परिवर्तन हुँदैन । यो वस्तुगत सच्चाइलाई हामी सवैले चिन्तन-मनन गर्न जरुरी छ ।

तसर्थ, समाजलाई हमेशा विचारले दिशानिर्देश गरिरहेको हुन्छ । त्यस्तो विचार राजनीतिक पार्टीले मात्र अंगिकार गर्दछ । यद्यपि कुन पार्टीको विचार सही छ भनेर अन्वेषण गर्ने काम सर्वाधिक विचारणीय पक्ष हो । स्वतन्त्र र स्वतन्त्र पार्टीलाई समर्थन गर्नु भनेको नितान्त भावनाको कुरा हो । नयाँ गैर-राजनीतिक अनुहारहरुको उत्कट लालशा अभिव्यक्त हुने उत्तरआधुनिक मनोविज्ञानको उपज हो । राज्यसत्ताको चरित्र वदल्न र अमूल रुपान्तरणको लागि होइन । सोच, चिन्तन र दृष्टिकोण वदल्न होइन । उनीहरुको गुलियो नारामा पनि औसत परम्परागत झल्को उही छ ।

नेपालको भीर पहरामा यस्ता धेरै सुगरकोटेड नारा र प्रतिवद्धता गुज्जिसकेको छ अनि नदीनालामा वगिसकेको छ । नागरिकको कान कानमा परिसकेको छ अनि दिलदिमागमा घुसिसकेको छ । भीषण संघर्षको प्रक्रिया गुज्रिसकेको छ । अर्थात् यस्ता नारा र कार्यक्रम पटक्कै नयाँ होइनन् । हामीलाई नारा र प्रतिवद्धताको कत्ति पनि अभाव छैन । अभाव निरन्तर प्रक्रियामार्फत् व्यवहारिक कार्यान्वयनको हो । योजना र कार्यक्रमलाई अन्तिम उद्देश्य प्राप्त नभएसम्म आन्दोलनको रुपमा निरन्तर अघि वढाउन नसक्नु हो ।

त्यसैले कसैको भावना र भ्रममा वहकिनु भन्दा सचेत भएर आफ्नो निर्णय गर्नुपर्दछ । यो वा त्यो नाममा कसैको वहकाउ, भावना, लहड, सनक र महत्वाकाङ्क्षाको पछि लाग्दा गलत गन्तव्यमा पुग्ने खतरा रहन्छ । कसैको चंखे वोलीको लोलीमा धेरै तरङ्गित वा हौसिएर पछि लाग्नु आफ्नै कमजोरी हुनेछ । लेख्य र कथ्य आदर्शका वाणी रुप मात्रै हुन् । व्यवहारिक कार्यान्वयनको शृङ्खला र योजना सार पक्ष हो । कसैको प्रवचन, माहौल, भीडभाड, हल्लाखल्ला वा प्रचारकै भरमा विश्वास गर्नु वैचारिक-राजनैतिक दरिद्रता र राजनैतिक सुझबुझको कमी हो । सचेत नागरिकहरुले पनि यस्तो दरिद्रता व्यक्त गर्नु भनेको समाजलाई गुमराहमा राख्नु हो । यसकारण विग्रन लागेको वस्तुलाई रुपान्तरण गरेर भएपनि राजनैतिक पार्टीको साँचो विकल्प पार्टीमा नै खोज्नुपर्दछ । तर अपवादमा वाहेक स्वतन्त्र व्यक्ति वा पार्टी राजनैतिक पार्टीको विकल्प वन्न सक्दैन । फलामले फलामै काट्छ भनेझैं पार्टीले सिर्जना गरेको समस्या पार्टीले मात्रै समाधान गर्न सक्दछ । यो वस्तुगत सच्चाइ सवैले आत्मसात गर्न जरुरी छ । रातोपाटीबाट

# मधेश सरकारले चार सय महिलालाई लोकसेवाको तयारी गराउदै

**जनकपुर**/लोक सेवाको परिक्षामा मधेशका महिलाहरुले राम्रो नतिजा ल्याउन नसकिरहेको बेला मधेश सरकारले प्रदेशका ४ सय महिलाहरुलाई लोक सेवा परीक्षाको तैयारी गराउन थालेका छन ।

मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ कार्यक्रम अन्तर्गत संचालित लोकसेवा तैयारी कक्षामा प्रदेश भरिमा खरिदार सुब्बाको गरि ४ सय महिलाले तालिम लिइ रहेको कार्यक्रमका संयोजक प्रियंका यादवले जनाइन् ।

मधेश सरकारको महत्वांकाक्षी योजना अनुरुप संचालित लोकसेवा कक्षामा प्रत्येक जिल्लामा २५ जना खरिदार र २५ जना सुब्बाको तैयारी कक्षामा सहभागी भएका छन ।

जेठ १९ गते देखी शुरु भएको लोकसेवा तयारी कक्षा सप्तरीको रा.ठा.जो भगत मावि राजविराज, सिरहाको सिद्धार्थ शिशु निकेतन सिरहा, धनुषाको ज्ञानकुप मावि जनकपुरधाम, महोत्तरीको विणा विद्या मन्दिर जलेश्वर, सर्लाहीको पब्लिक मावि मलंगवा, रौतहटको गौरीशंकर यादव रौतटह क्याम्पस गौर, बाराको पन्ना देवी कन्यामावि कलैया र पर्साको सुन्दरमल्ल रामकुमार कन्यामावि विरगंजमा कक्षा संचालन हुँदै आएको छ ।



लोकसेवा तयारी कक्षाले लोकसेवाको परिक्षामा सहभागी हुने विद्यार्थीहरुको मनोबल उच्च पार्नुका साथै परिक्षाको सटिक तयारी गराउने विश्वास लिइएको छ ।

मधेश प्रदेश सरकारले प्रदेश लोकसेवामा ५० प्रतिशत महिलाहरुको लागी गरेको आरक्षणमा योग्य महिलाहरु प्रवेश गराउन लोकसेवा तयारी कक्षा सहायक हुने अपेक्षा प्रदेश सरकारले राखेको छ ।

यस अघि मधेश सरकारले आव २०७५/७६मा १०० जना, आव ०७६/७७मा ३५० जना महिलाहरुलाई लोकसेवाको तैयारी कक्षा गराइ सकेका छन ।

# जबरजस्तीकरणी गरि फरार रहेका अभियुक्त पक्राउ

**राजविराज**/१२ वर्षिया बालिकालाई जबरजस्तीकरणी गरि फरार रहेका अभियुक्तलाई प्रहरीले घट्नाको चार वर्ष पछि पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका ४ का ३० वर्षिय रमा भन्ने रामाकान्त चौधरी छन् ।

२०७४ साल साउन ७ गते दिउँसो ३ बजेतीर घर नजिकैको फुलवारीमा आँप टिप्न गएकी सोही वडा निवासी एक १२ वर्षिया बालिकामाथी चौधरीले जबरजस्तीकरणी गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले बताए ।

उक्त मुद्दा उपर सुनवाई गर्दै २०७५ साल मंसिर २५ गते सप्तरी जिल्ला अदालतले चौधरीलाई ४ वर्ष कैद सजाय हुने फैसला सुनाएको थियो । घट्नापछि चौधरी फरार भएका थिए ।

गाउँघर मै लुकि वसेको अवस्थामा चौधरीलाई मंगलवार पक्राउ गरि चौधरीलाई अदालतमा उपस्थित गराएर आदेशानुसार कैद सजाय भुक्तानका लागी राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता

राजविराज नगर कार्यपालिकाको कार्यालय, राजविराज, सप्तरी



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता



हनुमाननगर कंकालिनी कार्यपालिकाको कार्यालय, हनुमाननगर, सप्तरी

# सहकारी माध्यमबाटै समाजको बिकास र समृद्धि हुने




**राजबिराज**/सहकारी माध्यमबाटै समाजको बिकास र समृद्धि हुने एक कार्यक्रम बिच सहभागीहरूले जोड दिएका छन ।

शनिवार माँ राजदेबी बचत तथा श्रृण सहकारी संस्था लि राजबिराज २ को बार्षिक साधारण सभामा सहभागीहरूले यस्तो बताएका हुन ।

सो अवसरमा प्रमुख अतिथि पुर्व शिक्षक रिषिकान्त ठाकुरले आफ्ना संस्थापकहरुको परम्परामा सहकारी संस्थाका सदस्यहरुले इमान्दारिता, खुलापन, सामाजिक दायित्व र अरुको चासो राख्ने नैतिक मूल्यहरुमा विश्वास राख्नुपर्ने बताए ।

उक्त अवसरमा जनमत पार्टी सप्तरी इन्चार्ज ममता झाले ईमान्तरिपूर्वक लगनशिल भएर सहकार्य गरे सहकारीले प्रगति गर्ने बिश्वास ब्यक्त गरिन ।

यसैगरी राजबिराज २ का वडा अध्यक्ष अरूण कुमार यादबले समाजको बिकास र समृद्विका लागि गरिव र बिपन्नको पहिचान गरी उनीहरूलाई ब्यवसायतर्फ उन्मुख गराउन सहज रूपमा श्रृण उपलब्ध गराउनु पर्नेमा जोड दिए ।

पुर्व कृषी अधिकृत राजकान्त झाले सहकारी मार्फत सानो पुजीको लगानीमा गरिव, बिपन्न परिवारलाई उधोग खोल्न सहयोग पुग्ने बिश्वास ब्यक्त गरे ।

२०७६ सालमा स्थापना भएको सहकारीले ३७ जना शेयर सदस्य सुरू गरेको संस्थामा २२ लाख ५७ हजार मौज्दात रहेको संस्थाका कोषाध्यक्ष मनोज सिँहले जानकारी दिए ।

उक्त अवसरमा प्रमुख अतिथि पुर्वशिक्षिक रिषिकान्त ठाकुरले ३७ जना शेयर सदस्यहरूलाई प्रमाणपत्र बितरण गरेका थिए भने कार्यक्रम संचालन अधिवक्ता सुरेन्द्र चौधरीले गरेका थिए ।

# ९५ सहिद परिवारलाई एक लाखको दरले आर्थिक सहयोग प्रदान

**सिरहा**/मधेस प्रदेश सरकारले जनयुद्धका क्रममा सहिद भएका सिरहाका ९५ परिवारलाई एक लाखको दरले आर्थिक सहयोग प्रदान गरेको छ ।

मधेस प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालय र मधेसी सहिद प्रतिष्ठानद्वारा सिरहाको मिर्चैयामा शुक्रबार आयोजित कार्यक्रममा उक्त सहयोग प्रदान गरिएको हो ।

नेकपा माओवादी केन्द्रका नेता तथा पूर्वमन्त्री मात्रिकाप्रसाद यादव, प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले सहिद परिवारलाई प्रमाणपत्र र एक लाखको चेक हस्तान्तरण गरे ।

प्रदेश सरकारले जनयुद्ध, जनआन्दोलन र मधेस आन्दोलनका शहिद परिवारलाई भरणपोषण गर्न मासिक भत्ता र शहिद परिवारका छोराछोरीलाई छात्रवृत्ति दिन लागेको मन्त्री साहले जानकारी दिए ।

गरिब, बिपन्न परिवारका बिरामीहरुलाई उपचारका लागि आर्थिक सहयोग गर्दै आएको बताउँदै मन्त्री साहले जल विद्युत् आयोजनामा शहिद परिवारलाई शेयर सदस्य बनाउने योजना बनाउन लागेको जानकारी समेत दिए ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३



डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


# अन्तर्राष्ट्रिय समाचार

## पाँचलाख अफगान नागरिक घरबारविहीन हुने जोखिममा

**काबुल**/आन्तरिक रूपमा विस्थापित भएकाहरूलाई उनीहरूको मूलघरमा नै पठाउने सरकारको बढ्दो दबाबका कारण करिब पाँचलख अफगान परिवार चाँडै घरबारविहीन हुने जोखिम बढेको छ ।

नर्वेजियाली शरणार्थी परिषद्का देशीय निर्देशक नील टर्नरका अनुसार करिब चार हजार सर्वसाधारणलाई काबुल र आसपासका घरहरूबाट बाहिर निकालिएको छ । सरकारी दबाब जारी रहेमा दशौँ हजार मानिस आवासविहीन हुनेछन् र त्यस्तो अवस्थामा सहायता संस्थाहरूले पनि विस्थापितहरूलाई सहयोग गर्न नसक्ने परिस्थिति उत्पन्न हुनेछ ।

अफगानहरू दशकौंको युद्ध, खडेरी, राजनीतिक उथलपुथल र आर्थिक मन्दीबाट विस्थापित भएका छन् भने हालै भूकम्पले उनीहरूको भविष्य तहसनहस भएको छ । ठूला शहरका बाहिरी क्षेत्रमा अस्थायीरूपमा बसोबास गर्दै आएका उनीहरूलाई सरकारले तुरुन्त त्यहाँबाट बाहिरिन आह्वान गरेको छ ।

काबुलको बाहिरी इलाका मजार-ए-शरीफ र दाइकुण्डी तथा केही अन्य प्रान्तबाट तालिबानले धेरै विस्थापितहरूलाई धपाएको आरोप छ । परिषद्का निर्देशकले उपयुक्त विकल्प सुनिश्चित नभएसम्म अनौपचारिक बस्तीहरू बन्द गर्दा पीडितहरूमाथि थप प्रभावित हुने र उनीहरू ठूलो जोखिममा पार्ने बताए ।

गत वर्षको द्वन्द्वले सातलाखभन्दा बढी अफगानी आफ्नो घर छोड्न बाध्य भएका तथा विगतमा विस्थापित भएका ५५ लाख घरवारविहीनमा ती थपिएिका अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आईओएम)ले जनाएको छ । विशेष गरी महिला र केटीहरूले बढ्दो सुरक्षा जोखिमको सामना गरिरहेका छन् ।

सन् १९९० देखि २००१ सम्म देशमा शासन गरेको तालिबानले गत वर्ष त्यहाँबाट अन्तर्राष्ट्रिय सेना फिर्ता भएपछि शासनसत्ता पुनः आफ्नो हातमा लिएको छ । देश अहिले प्रणालीगत पतनको छेउमा पुगेको छ । देशको आधाभन्दा बढी जनसङ्ख्यालाई मानवीय सहायताको सख्त आवश्यकता परेको छ तर सहायता प्राप्त हुने लक्षण देखिएको छैन ।

चरम गरिबीमा डुबेका अफगान नागरिक इरान र पाकिस्तान पलायन भएका छन् भने आगामी दिनहरूमा पनि त्यो क्रम जारी रहने सम्भावना रहेको छ । जीविकोपार्जन जटिल बन्दै जाँदा उनीहरू विकल्पविहीन भएका छन् जसले विस्थापन र आप्रवासनका समस्यालाई अझ जटिल बनाएको छ । एजेन्सी

## क्यानडामा मङ्की पोक्सका २ सय ७८ बिरामी

**क्यानडा**/क्यानडाका प्रमुख जनस्वास्थ्य अधिकारी थेरेसा ट्यामले बिहीबार जुन २९ सम्म देशमा कुल २७८ जनामा मङ्की पोक्सबाट संक्रमित भएको पुष्टि गरेकी छिन् ।

ब्रिटिश कोलम्बियाका चार, अल्बर्टाबाट पाँच, ओन्टारियोबाट ६७ र क्युबेकका २०२ संक्रमणका घटना दर्ता भएको वरिष्ठ चिकित्सक टचामले जनाएकी छिन् ।

मङ्की पोक्स भाइरसको जोखिमको जोखिम कुनै समूहमा मात्र नभएर यसको शिकार जो कोही पनि हुनसक्ने बताइएको छ ।

उनले भनिन्, जुन कुनै लिङ्ग, उमेर समूको व्यक्ति पनि सहजै संक्रमित हुनसक्ने उनले जनाएकी छिन् । टचामका अनुसार अधिकाङ्श सङ्क्रमित २० देखी ६९ उमेर समूहभित्रका छन् । यो रोग सामान्यतया मध्य र पश्चिम अफ्रिकाको जङ्गली भागमा पाइएको थियो । एजेन्सी

## युक्रेनमा दुई बालबालिकासहित अठार जना मारिए

**किएभ**/युक्रेनको बन्दरगाह शहर ओडेसको आवासीय क्षेत्रमा शुक्रबार बिहान रूसी सेनाले गरेको क्षेप्यास्त्र आक्रमणमा परी दुईजना बालबालिकासहित १८ जना मारिएका छन् ।

रूसी क्षेप्यास्त्रको निशानामा आवासीय बहुतले भवन र मनोरञ्जन क्षेत्र परेका युक्रेनी अधिकारीहरूले बताएका छन् । आक्रमणमा परी ३० जना घाइते भएका छन् । आक्रणको दृश्यमा जलेका भवनका अवशेष देखिएको छ । युक्रेनी सेनाले आक्रमणकारीहरूलाई भगाएको दाबी गरेको छ ।

युक्रेन युद्ध पाँचौ महिनामा प्रवेश गरेको छ । दुई देशबीच द्वन्द्व जारी रहँदा युरोपेली देशमा इन्धन आपूर्ति प्रभावित भएको छ भने खाद्य सङ्कटको चुनौती थपिएको छ । गत सोमबार किएभस्थित किनमेल घरमा भएको भीषण आक्रमणलाई लिएर युक्रेनले रूसमाथि युद्ध अपराधको आरोप लगाएको छ । एकहजारभन्दा बढी सर्वसाधारण किनमेलमा व्यस्त भएका बेला गैरसैनिक क्षेत्रमा रूसी फौजले गरेको आक्रमणको युक्रेनी राष्ट्रपतिले निन्दा गरेका थिए ।

पाँच महिनाअघि नै राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथि गरिएको ‘विशेष सैन्य कारबाही’ उसको भूमि कब्जाका निम्ति नभइ सैन्य सामर्थ्य र हतियार भण्डार नष्ट गर्ने उद्देश्य भएको बताएका थिए । एजेन्सी

# स्व. महेन्द्र नारायण निधि प्रदेशस्तरिय क्रिकेट प्रतियोगिता सुरु
## पर्सा, बारा र सिरहा बिजय



**राजबिराज**/स्व. महेन्द्र नारायण निधि मधेश प्रदेश स्तरिय क्रिकेट प्रतियोगिता शुक्रबारदेखी सप्तरी सदरमुकाम राजविराजमा सुरु भएको छ।

प्रतियोगिताको उदघाटन महिला, बालवालिका युवा तथा खेलकुद मन्त्री बिरेन्द्र सिंह र नेपाली काँग्रेस जिल्ला अध्यक्ष रामदेव साहले संयुक्त रूपमा ब्याटिंग र बलिंग गर्दै उदघाटन गरेका छन्।

सप्तरी क्रिकेट संघको आयोजना तथा मधेश प्रदेश क्रिकेट संघको समन्वय र महिला, बालवालिका, युवा तथा खेलकुद मन्त्रालयको सहयोगमा आयोजित प्रतियोगितामा मधेश प्रदेश का ८ जिल्लाका टिमहरूको सहभागिता रहेको छ।

यसैगरि राजबिराजमा संचालित महेन्द्र नारायण निधि प्रदेश स्तरिय क्रिकेट प्रतियोगिता अन्तर्गत शनिबार सम्पन्न खेलमा पर्सा, बारा र सिरहा बिजय भएका छन।

स्थानिय पबिमाबि खेलमैदानमा शनिबार भएको पहिलो खेलमा पर्साले रौतहटलाई ३९ रनले दोस्रो खेलमा बाराले सर्लाहीलाई ९ बिकेटले तथा तेस्रो खेलमा सिरहाले महोत्तरीलाई ४६ रनले पराजित गरेको छ।

यसअघि शुक्रबार सम्पन्न पहिलो खेलमा सप्तरीले सिरहालाई ९ रनले तथा दोश्रो खेलमा धनुषाले महोत्तरीलाई ७ बिकेटले पराजित गरेको छ।

# पहिलो पटक राष्ट्रिय आमन्त्रण महिला कवडी प्रतियोगिता हुने




**राजबिराज**/सप्तरीमा पहिलो पटक राष्ट्रिय स्तरको महिला कवडी प्रतियोगिताको आयोजना हुने भएको छ।

जिल्ला कवडी संघ सप्तरीको आयोजना तथा अखिल नेपाल कवडी संघको समन्वयमा असार २० देखि राजविराजमा प्रथम राष्ट्रिय आमन्त्रण महिला कबडी प्रतियोगिताको आयोजना हुन लागेको हो। उक्त प्रतियोगिता असार २२ सम्म संचालन हुनेछ।

आयोजकले प्रतियोगितामा घरेलु टोली सप्तरीका साथै सुनसरी, सिराहा, झापा, उदयपुर, मोरङ्ग, धनुषा लगायतका गरी ९ टीमको सहभागिता रहने जनाएको छ। प्रतियोगितामा नवलपरासी र विभागीय टोली नेपाल प्रहरीको पनि सहभागिताको प्रयास भइरहेको अखिल नेपाल कवडी संघका केन्द्रीय कोषाध्यक्ष समेत रहेका प्रतियोगिता मुख्य व्यवस्थापन समितिका संयोजक अरबिन्द्र झाले जानकारी दिए।

प्रतियोगिता राजविराज ८ स्थित राधाकृष्ण मन्दिर प्राङ्गणमा रहेको मैदानमा आयोजना हुने जिल्ला कबडी संघ सप्तरीका अध्यक्ष धिरेन्द्र वर्मा धिरुले जानकारी दिए।

प्रतियोगिता भव्य रुपमा सम्पन्न गर्न संघका केन्द्रीय कोषाध्यक्ष झाको संयोजकत्वमा २१ सदस्यीय मुल व्यवस्थापन समिति गठन गरिएको र आवश्यक सम्पूर्ण तयारी पुरा भएको आयोजक समितिले जनाएको छ।

# सात दिन कैद सजाय पाएर फरार अभियुक्त पक्राउ

**राजविराज**/कुटपिट मुद्दामा अदालतबाट सात दिन कैद सजाय र एक सय ७७ रुँपैया जरिवाना पाएर फरार रहेका एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

फैसला लगत्तै फरार रहेका सप्तरीको साविक बसबिटी गाबिस वडा नं.४ हाल रुपनी गाउँपालिका वडा नं.५ निवासी ४८ वर्षिय सितारामचौधरीलाई प्रहरीले पक्राउ गरेको हो।

स्थानिय अशोक कुमार चौधरीमाथी कुटपिट अंगभंग मुद्दामा सप्तरी जिल्ला अदालतले २०६५ जेठ १३ गते सिताराम चौधरीलाई साढे सात दिन कैद र एक सय ७७ रुपैया जरिवाना ठहर गरेको थियो।

प्रहरीले घरबाटै पक्राउ गरि अदालतमा पेश गरि कैद भुक्तानको लागी कारागार चलान गरेको जनाएको छ।

## बालिकाको शवसहित ...

पर्सा जिल्ला अदालतबाट ५ दिन म्याद लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय पोखरियाको टोली मसानघाटमा पुग्दा शव बेवारिसे छोडेर तीनैजना फरार भएका थिए। प्रहरीले जल्दै गरेको शव बरामद जिल्ला प्रहरी कार्यालयले जनाएको छ। घटनाबारे प्रहरीले थप अनुसन्धान अघि बढाएको छ।

## मधेसमा ११ महिनाको...

र ४० नेपाली नागरिक पक्राउ परेका थिए। उनीहरूबाट १५ थान हतियार बरामद् भएको प्रवक्ता कार्कीले बताए। प्रहरीले विभिन्न मुद्दामा फरार रहेका एक हजार ३६७ जनालाई पक्राउ गरेको छ।

यसैगरि प्रहरीले सो अवधिमा मधेसका विभिन्न जिल्लाबाट तीन हजार १३१ किलो गाजा, ब्राउन सुगर १६४ ग्राम, चरेश ५१ किलो, हिरोइन ९५ ग्राम र डाइलेक्सी डिसी २१३ लिटर लागुऔषधसहित एक हजार १२० पुरुष र २१ महिलालाई पक्राउ गरेको छ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः २०३१/०१/०७

स्वर्गारोहणः २०७९/०३/०७

### स्व. ललित कुमार ठाकुर

यस सहकारी संस्थाका कर्मचारी ललित कुमार ठाकुरको असामयिक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि ईश्वर संग प्रार्थना गर्दछौं साथै शोकाकुल परिवारजनमा हार्दिक संमवेदना प्रकट गर्दछौं।

आईडियल सहकारी संस्था लिमिटेड
परिवार
राजबिराज ४, सप्तरी



## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*